निर्णयहरु :-

१। आर्थिक वर्ष २०७३।०७४ मा मकवानपुर जिल्लाका सरकारी कार्यालयहरुबाट सम्पादित कार्यहरुको समीक्षा गर्दा पूँजिगत खर्च जम्मा ७३ प्रतिशत मात्र भएको पाइएकाले चालु आ.व. मा बजेट कार्यान्वयनलाई थप प्रभावकारी बनाउने । यसका लागि:

क। सबै सरकारी कार्यालयहरुले आर्थिक वर्षको शुरु देखि नै अर्थ मन्त्रालयबाट जारी भएको बजेट कार्यान्वयन निर्देशिका बमोजिम कार्ययोजना बनाई कार्यान्वयन गर्ने । यसका लागि श्रावण मसान्त भित्र प्रत्येक कार्यालयले बजेट कार्यान्वयन कार्ययोजना तयार गरी जिल्ला प्रशासन कार्यालयमा पठाउने ।

ख। जिल्ला भित्रका सरकारी कार्यालयबाट कार्यान्वयन हुने बजेट कार्यान्वयन कार्ययोजनाको अनुगमन तोकिए बमोजिम हुने र प्रमुख कोष तथा लेखा नियन्त्रकले कार्ययोजना बमोजिम बजेट खर्चको अवस्था नियमित रुपमा कार्यालय प्रमुखको बैठकमा प्रस्तुत गर्ने ।

ग। बजेट कार्यान्वयनका क्रममा देखा परेका नीतिगत समस्या समयमा नै समाधान गर्न सम्बन्धित कार्यालयले तालुक मन्त्रालय निकायमा लेखी पठाउने र जिल्लाको समग्र अवस्थाको बारेमा प्रमुख जिल्ला अधिकारीसँग समन्वय गरी कोष तथा लेखा नियन्त्रक कार्यालयले अर्थमन्त्रालयमा नियमित रुपमा पृष्ठपोषण दिइरहने ।

घ। ठेक्कापट्टा सम्झौता सम्बन्धमा निर्माण व्यवसायीहरुलाई पनि जिम्मेवार र व्यावसायिक बनाउन आवश्यक देखिएकाले सम्झौता बमोजिम कार्य गर्न र नगरेमा हुने सजायका विषयमा अभिमुखीकरण गर्न सरोकारवालाहरुसँग आवश्यक समन्वय गरी जिल्ला प्राविधिक कार्यालयले एक अन्तरक्रिया कार्यक्रम आयोजना गर्ने ।

ङ। स्थानीय तहमा बजेट कार्यान्वयन सम्बन्धमा आवश्यक सहयोग र सहजीकरणका लागि कार्यकारी अधिकृतहरुसँग अन्तरक्रिया कार्यक्रमको आयोजना जिल्ला समन्वय समितिले गर्ने ।

२। हेटौडा नगर र मकवानपुर जिल्लालाई मानवताको शहरको रुपमा परिचित गराउन उदाहरणीय ढंगले लागिपरेको मानव सेवा आश्रम नामक संस्थालाई सहयोग गर्नु उपयुक्त र आवश्यक देखिएकाले सो संस्थाको निर्माणाधीन भवन सम्पन्न गर्न आर्थिक स्रोत जुटाउने कार्यमा सहयोग गर्न सबै कार्यालयहरुले आ-आफ्नो कार्यालयका कर्मचारीहरुबाट स्वेच्छाले कम्तीमा एक दिनको तलब बराबरको रकम संकलन गरी हुन आउने रकम उक्त संस्थालाई हस्तान्तरण गर्ने । सो को समन्वय प्रमुख कोष तथा लेखा नियन्त्रकले गर्ने ।

३। मानव सेवा आश्रमसँग समन्वय गरी ईच्छुक कार्यालय प्रमुख र अन्य कर्मचारीहरु सहभागी हुने सकारात्मक सोच र चिन्तन सम्बन्धी तालिम कार्यक्रम आयोजना गर्न अफिसर्स क्लब मकवानपुरलाई अनुरोध गर्ने ।

नारायण प्रसाद शर्मा दुवाडी
प्रमुख जिल्ला अधिकारी